# व्यास नगरपालिकाको आर्थिक ऐन २०७५

**प्रस्तावनाः** व्यास नगरपालिकाको आर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न, स्थानीय कर तथा शुल्क सङ्कलन गर्ने, छुट दिने तथा आय सङ्कलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) ले दिएको अधिकार प्रयोग गरी संविधानको धारा २२६ को उपधारा (१) बमोजिम व्यास नगर सभाले यो अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्ने सम्बन्धी ऐन बनाई लागु गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**
(१) यस ऐनको नाम "आर्थिक ऐन, २०७५" रहको छ।
(२) यो ऐन २०७५ साल श्रावण १ गतेदेखि व्यास नगरपालिका क्षेत्रमा लागु हुनेछ।

२. **परिभाषा**ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमाः
(क) "ऐन" भन्नाले व्यास नगरपालिकाको आर्थिक ऐन, २०७५ सम्झनुपर्छ।
(ख) "कार्यपालिका" भन्नाले व्यास नगर कार्यपालिका सम्झनुपर्छ।
(ग) "नगरपालिका" भन्नाले व्यास नगरपालिका सम्झनुपर्छ।
(घ) "फर्म" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भए वा नभएको जुनसुकै फर्म सम्झनुपर्छ।
(ङ) "व्यक्ति" भन्नाले यस ऐन बमोजिम कर तिर्नुपर्ने दायित्व भएको जुनसुकै व्यक्ति सम्झनुपर्छ।
(च) "सभा" भन्नाले व्यास नगरपालिकाको सभा सम्झनुपर्छ।
(छ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनुपर्छ।

३. **सम्पत्ति कर**ः नगरपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम एकीकृत सम्पत्ति कर लगाइने र असुल उपर गरिने छ।

४. **घर बहाल कर**ः नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै आंशिक तबरले बहालमा दिएकोमा अनुसूची (२) बमोजिम घर जग्गा बहाल कर लगाइने र असुल गरिने छ।

५. **व्यवसाय कर**ः नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (३) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिने छ।

६. **जडिबुटी, कवाडी र जीव जन्तु कर**ः नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीव जन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरे वापत अनुसूची (४) बमोजिमको कर लगाइने र असुल उपर गरिने छ।

७. **सवारी साधन कर**ः नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (५) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिने छ।

तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

८. **विज्ञापन करः** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (६) बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिने छ ।

तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

९. **मनोरञ्जन करः** नगरपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूची (७) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिने छ ।

तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** नगरपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेका अनुसूची (८) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिने छ ।

११. **पार्किङ शुल्कः** नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (९) बमोजिम पार्किङ शुल्क लगाइने र असुल उपर गरिने छ ।

१२. **ट्रेकिङ्ग, कोयाकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टिङ्ग शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कोयाकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टिङ्ग सेवा वा व्यवसाय सञ्चालन गरेवापत अनुसूची (१०) बमोजिमको शुल्क लगाइने र असुल उपर गरिने छ ।

१३. **सेवा शुल्क, दस्तुरः** नगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची (११) मा उलिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भएअनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१४. **पर्यटन शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूची (१२) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाइने र असुल उपर गरिने छ ।

तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१५. **प्राकृतिक साधन उपयोग करः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेका प्राकृतिक साधन उपयोग कर अनुसूची (१३) मा उल्लिखित दरमा असुल उपर गर्नेछ ।

तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१६. निकासी करः नगरपालिकाले आफ्नो क्षेत्रभित्र उत्पादन हुने वस्तु वा अन्य माल सामानमा आफ्नो क्षेत्र बाहिर लैजादा अनुसूची (१४) मा उल्लिखित दरमा निकासी कर लगाउन सक्नेछ ।

तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१७. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनैपनि किसिमको कर छुट दिइने छैन ।

१८. **कर तथा शुल्क सङ्कलन सम्बन्धी कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क सङ्कलन सम्बन्धी कार्यविधि नगरपालिकाले तोके अनुसार हुनेछ ।

# अनुसूची १
(दफा ३ सँग सम्बन्धित)

## एकीकृत सम्पत्ति करका दरहरु

| कर योग्य एकीकृत सम्पत्तिको मूल्य | वार्षिक दर |
|---|---|
| दश लाख रुपैयाँसम्म | पच्चीस रुपैयाँदेखि दुई सय रुपैयाँसम्म |
| दश लाख एक रुपैयाँदेखि बीस लाख रुपैयाँसम्म | दुई सय पचास रुपैयाँदेखि चार सय रुपैयाँसम्म |
| बीस लाख एक रुपैयाँदेखि तीस लाख रुपैयाँसम्म | पाच सय रुपैयाँदेखि एक हजार रुपैयाँसम्म |
| तीस लाख एक रुपैयाँदेखि पचास लाख रुपैयाँसम्म | एक हजार दुई सय रुपैयाँदेखि तीन हजार रुपैयाँसम्म |
| पचास लाख एक रुपैयाँदेखि एक करोड रुपैयाँसम्म | तीन हजार पाच सय रुपैयाँदेखि दश हजार रुपैयासम्म |
| एक करोड एक रुपैयाँदेखि दुई करोड पचास लाख रुपैयाँसम्म | दश हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म |
| दुई करोड पचास लाख एक रुपैयाँदेखि पाँच करोड रुपैयाँसम्म | पच्चीस हजार रुपैयाँदेखि साठी हजार रुपैयाँसम्म |
| पाँच करोड एक रुपैयाँदेखि माथि | दुई रुपैयाँ प्रति हजार |

**अनुसूची २**

**(दफा ४ सँग सम्बन्धित)**

**घरवहाल करका दरहरु**

| सि.नं. | घर वहाल कर | वार्षिक दर |
|---|---|---|
| १. | सङ्घ संस्था, सरकारी कार्यालय, गोदाम, जग्गा व्यवसायिक पसल कबलको | १० प्रतिशत |
| २. | व्यक्तिगत तथा अन्य प्रयोजनको लागि | ५ प्रतिशत |

## अनुसूची ३
## (दफा ५ सँग सम्बन्धित)
## व्यवसाय करका दरहरु

| क.सं | व्यवसायको विवरण | वार्षिक करको दर (रु.) |
|---|---|---|
| १ | होटल, लज एवं साधारण होटल | ७००। देखि ५०००। |
| २ | रेष्टुरेण्ट (मःम, तास, सेकुवा आदि) | ७००। देखि ५०००। |
| ३ | मिठाई पसल | ७००। देखि २५००। |
| ४ | कपडा पसल (थोक एवं खुद्रा) | ७००। देखि २५००। |
| ५ | फेन्सी पसल | ७००। देखि ३०००। |
| ६ | विविध श्रृङ्घार पसल (थोक/खुद्रा) | ७००। देखि २५००। |
| ७ | उनी धागो पसल | ७००। देखि २५००। |
| ८ | जुत्ता चप्पल पसल | ७००। देखि २५००। |
| ९ | निर्माण सामग्री | १०००। देखि १००००। |
| १० | खाद्यान्न, किराना डिलर/खुद्रा | ७००। देखि २५००। |
| ११ | भाँडा र गिफ्ट पसल (थोक/खुद्रा) | ७००। देखि २५००। |
| १२ | पुस्तक तथा पत्रिका पसल | ७००। देखि २५००। |
| १३ | छापाखाना | ७००। देखि २५००। |
| १४ | आर्ट | ७००। देखि २५००। |
| १५ | फोटो स्टुडियो | ७००। देखि २५००। |
| १६ | केवुल नेटवर्क | ५०००। देखि ५००००। |
| १७ | टि.भी., घडी रेडियो बिक्री/मर्मत | ७००। देखि २५००। |
| १८ | पङ्खा तथा स्टोभ मर्मत | ७००। देखि २५००। |
| १९ | साइकल बिक्री तथा मर्मत | ७००। देखि २५००। |
| २० | मोटरसाइकल, पार्टस्/वर्कसप | ७००। देखि २५००। |
| २१ | ड्राइभिङ्ग इन्स्टिच्यट | ७००। देखि २५००। |
| २२ | टायर मर्मत | ७००। देखि २५००। |
| २३ | ग्रिल उद्योग | २०००। देखि १००००। |
| २४ | कवाडी सामानको थोक बिक्रेता | १०००। देखि ७०००। |
| २५ | टेण्ट हाउस | ७००। देखि २५००। |
| २६ | लाउण्डी पसल | ७००। देखि २५००। |
| २७ | मादल पसल | ७००। देखि २५००। |
| २८ | गोवर ग्याँस | ७००। देखि २५००। |
| २९ | पाउरोटी भण्डार | ७००। देखि २५००। |
| ३० | चलचित्र मन्दिर | १०००। देखि ६०००। |
| ३१ | वित्तीय संस्था/सहकारी संस्था | २०००। देखि ३५०००। |
| ३२ | कलर ल्याव | ७००। देखि २५००। |
| ३३ | निजी अस्पताल/औषधी पसल | १०००। देखि १५०००। |
| ३४ | पशु औषधी पसल | ७००। देखि २५००। |
| ३५ | विज भण्डार | ७००। देखि २५००। |
| ३६ | रङरोगन तथा इलेक्ट्रिक थोक वि. | ७००। देखि २५००। |
| ३७ | फर्निचर उद्योग | १५००। देखि १५०००। |
| ३८ | फर्निचर पसल | ७००। देखि २५००। |

| | | |
|---|---|---|
| ३९ | मिल | ७००। देखि २५००। |
| ४० | सुनचाँदी पसल | ७००। देखि २५००। |
| ४१ | आइसक्रिम उद्योग तथा पसल | ७००। देखि २५००। |
| ४२ | कपडा सिलाई | ७००। देखि २५००। |
| ४३ | हेयर कटिङ सैलुन | ७००। देखि २५००। |
| ४४ | ल फर्म | ७००। देखि २५००। |
| ४५ | बोर्डिङ्ग स्कुल मा.वि. र प्रा.वि. | १५००। देखि १००००। |
| ४६ | निर्माण व्यवसायी क, ख, ग, ३ | १०००। देखि १५०००। |
| ४७ | आयल पम्प | १०००। देखि १५०००। |
| ४८ | कुरियर, फ्याक्स, कम्प्युटर र टेलिफोन | ७००। देखि २५००। |
| ४९ | उद्योग | १०००। देखि १५०००। |
| ५० | सपिङ सेन्टर | १०००। देखि १५०००। |
| ५१ | तरकारी पसल | ७००। देखि २५००। |
| ५२ | चस्मा पसल | ७००। देखि २५००। |
| ५३ | दाँत बनाउने पसल | ७००। देखि २५००। |
| ५४ | मासु पसल | १०००। देखि १५०००। |
| ५५ | नर्सरी र फलफूलका विरुवा बिक्री वितरण | ७००। देखि २५००। |
| ५६ | माटोको भाडा बनाउने | ७००। देखि २५००। |
| ५७ | टेक्निकल इन्ष्टिच्युट | १०००। देखि १५०००। |
| ५८ | कन्सल्ट्रेसी फर्म (इन्जिनिय र सव इन्जिनियर) | १०००। देखि ५०००। |
| ५९ | ज्योतिष | ७००। देखि २५००। |
| ६० | अडिटर फर्म (क ख ग ३) | १०००। देखि ५०००। |
| ६१ | सिलाई, बुनाई, पेन्टिङ कटिङ प्रशिक्षण | ७००। देखि २५००। |
| ६२ | चिकित्सक विशेषज्ञ (सहायक, कविराज) | ७००। देखि २५००। |
| ६३ | ल्याव | ७००। देखि २५००। |
| ६४ | पुलवोर्ड हाउस | १०००। देखि १५०००। |
| ६५ | भिडियो गेम हाउस | १०००। देखि १५०००। |
| ६६ | इट्टा भट्टा उद्योग | २०००। देखि १५०००। |
| ६७ | रेमिटन्स सेवा | २०००। देखि १५०००। |
| ६८ | कटिङ ढुङ्गा उद्योग | २०००। देखि १५०००। |
| ६९ | ब्लक उद्योग | १०००। देखि १५०००। |
| ७० | ट्राभल्स एण्ड टुर्स प्रा.लि. | २०००। देखि १५०००। |
| ७१ | वैदेशिक रोजगार कम्पनी | २०००। देखि १५०००। |
| ७२ | मोवाइल टावर | २०००। देखि १५०००। |
| ७३ | इन्टरनेट सर्भिस प्रोभाइडर कम्पनी | १५००। देखि १५०००। |
| ७४ | कम्प्युटर इन्ष्टिच्युट | १०००। देखि १५०००। |
| ७५ | कम्प्युटर मोवाइल मर्मत केन्द्र | २०००। देखि १५०००। |
| ७६ | सिरक डसना सिलाई उद्योग | १०००। देखि १५०००। |
| ७७ | नृत्य कला केन्द्र | ७००। देखि २५००। |
| ७८ | एफ.एम.रेडियो स्टेशन | १०००। देखि १५०००। |
| ७९ | गाई, भैसी, बाखा फर्म/पालन व्यवसाय | ७००। देखि २५००। |
| ८० | माछा पालन व्यवसाय | ७००। देखि २५००। |
| ८१ | खानी उद्योग | ५०००। देखि २५०००। |

## अनुसूची ४
(दफा ६ सँग सम्बन्धित)
**जडिबुटी, कवाडी र जीव जन्तु करका दरहरु**

| सि.नं. | करको विवरण | वार्षिक दर |
|---|---|---|
| १. | ऊन | प्रति के.जी. ५० पैसादेखि रु.१.५० पैसासम्म |
| २. | खोटो | प्रति के.जी. रु.१। देखि रु.२। सम्म |
| ३. | जडिबुटी | प्रति के.जी. रु.५। देखि रु.१५००। सम्म प्रकृति हेरी |
| ४. | कवाडी | क) प्रति गोटा २५ पैसादेखि रु.३। सम्म प्रकृति हेरी |
| | | ख) प्रति के.जी. रु.१। देखि रु.३। सम्म |
| ५. | जीव जन्तुको हाड छाला, सिङ, खुर | क) प्रति के.जी. रु.१। देखि रु.३। सम्म |
| | | ख) प्रति गोटा रु.१००। देखि रु.५००। सम्म |

**अनुसूची ५**
**(दफा ७ सँग सम्बन्धित)**
**सवारी साधन करका दर**

**(क) वार्षिक सवारी साधन कर**

| सि.नं. | सवारीको प्रकार | वार्षिक करको दर |
|---|---|---|
| १ | बस, ट्रक, लहरी र अन्य हेभी गाडी | रु.१०००। देखि रु.३०००। सम्म |
| २ | भाडा तथा निजी मिनीबस, ट्रक | रु.५००। देखि रु.१०००। सम्म |
| ३ | वातावरणमैत्री रिक्सा | रु.१००। देखि रु.३००। सम्म |
| ४ | भाडाको कार जिप | रु.२००। देखि रु.५००। सम्म |
| ५ | निजी कार, भ्यान, जिप, पिकअप | रु.१०००। देखि रु.३०००। सम्म |
| ६ | ट्याक्टर ठूलो २० हर्ष पावर भन्दा माथि | रु.५००। देखि रु.१५००। सम्म |
| ७ | ट्याक्टर ठूलो २० हर्ष पावर भन्दा सानो | रु.३००। देखि रु.१०००। सम्म |
| ८ | स्कुटर, मोटरसाइकल | रु.७५। देखि रु.२००। सम्म |
| ९ | रिक्सा | रु.५०। देखि रु.१५०। सम्म |
| १० | पावर टेलर | रु.१५०। देखि रु.५००। सम्म |
| ११ | लोडर, डोजर र एक्साभेटर, जेसिभि, रोलर (भ्याकुम) | रु.१५००। देखि रु.३०००। सम्म |

**(ख) पटके सवारी कर**

| सि.नं. | सवारीको प्रकार | करको दर |
|---|---|---|
| १. | बस, ट्रक | रु.५०। |
| २. | लहरी (६ टायरभन्दा बढी) | रु.१००। |
| ३. | ट्याक्टर ठूलो (४० हर्सपावरभन्दा बढी) | रु.४०। |
| ४. | मिनी बस, ट्रक | रु.३०। |
| ५. | निजी कार, भाडा कार | रु.२०। |
| ६. | ट्याम्पो | रु.२०। |
| ७. | विदेशी बस ट्रक | रु.२००। |
| ८. | विदेशी लहरी (६ टायरभन्दा बढी) | रु.२००। |
| ९. | विदेशी मिनी बस, ट्रक | रु.१५०। |
| १०. | विदेशी कार/ट्याक्सी | रु.१००। |

**अनुसूची ६**
**(दफा ८ सँग सम्बन्धित**
**विज्ञापन करका दरहरु**

| सि.नं. | विवरण | वार्षिक दर |
|---|---|---|
| १ | साइनवोर्ड, ग्लोवोर्ड, स्टल आदिमा २५ वर्गफुटभन्दा माथि | रु.५० देखि रु.७५ सम्म प्रति वर्गफुट |
| २ | साइनवोर्ड, ग्लोवोर्ड, स्टल आदिमा २५ वर्गफुटसम्म | रु.१००० देखि रु.२०००। सम्म |
| ३ | तुल व्यानर एक हप्ताको लागि | रु.१०० देखि रु.२००। सम्म |
| ४ | तुल व्यानर एक हप्ताभन्दा बढी एक महिनासम्म | रु.१५०। देखि रु.३००। सम्म |
| ५ | पोल व्यानर एक हप्ताभन्दा बढी एक महिनासम्म | प्रति व्यानर रु.५० देखि रु.७५ सम्म |

**अनुसूची ७**
**(दफा ९ सँग सम्बन्धित)**
**<u>मनोरञ्जन करका दरहरु</u>**

| **सि.नं.** | **मनोरञ्जन कर** |
|---|---|
| १ | प्रति टिकटको न्यूनतम रु.५। देखि रु.१५। सम्म |
| २ | केवुल नेटर्वकहरुको प्रति ग्राहक वार्षिक रु.६०। देखि रु.१२०। सम्म (केवल व्यवसायबाट) |

**अनुसूची ८**
**(दफा १० सँग सम्बन्धित)**
**बहाल बिटौरी शुल्कका दरहरु**

| सि.नं. | विवरण | शुल्क प्रति महिना |
|---|---|---|
| १. | नगर क्षेत्रका सार्वजनिक एवं ऐलानी जग्गामा सञ्चालन भएका ससाना व्यवसायबाट मासिक सङ्कलन गरिने शुल्क | रु.५००। देखि रु.७००। सम्म प्रति व्यक्ति |
| २. | नगरपालिकाद्वारा निर्माण भएका घर, टहरा तथा हाट बजारबाट व्यवसाय सञ्चालन भएदेखि सङ्कलन गरिने शुल्क | रु.१,०००। देखि रु.५,०००। सम्म प्रति पसल कवल |

# अनुसूची ९
## (दफा ११ सँग सम्बन्धित)
## सवारी पार्किङ शुल्कका दरहरु

| सि.नं. | सवारी पार्किङ शुल्क | दर (प्रति पटक) |
|---|---|---|
| १ | पार्किङ शुल्क | रु.१० देखि रु.१५० सम्म |

**अनुसूची १०**
**(दफा १२ सँग सम्बन्धित)**
**<u>ट्रेकिङ्ग, कोयोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टिङ्ग शुल्कका दरहरु</u>**

| सि.नं. | विवरण | शुल्क |
|---|---|---|
| १. | ट्रेकिङ्ग | प्रति समूह रु.१००० देखि रु.२००० सम्म |
| २. | र्‍याफ्टिङ व्यवसाय | दर्ता शुल्क रु.३००० देखि रु.५००० र<br>वार्षिक नवीकरण शुल्क रु.२५०० देखि रु.३५०० सम्म |
| ३ | अन्य | रु.१००० देखि रु.१५०० सम्म |

# अनुसूची ११
## (दफा १३ सँग सम्बन्धित)
## सेवा शुल्क र दस्तुरका दर

| सि.न | विवरण | कर/शुल्क/दस्तुर |
|---|---|---|
| १) | **सिफारिस** | |
| १. | नाता प्रमाणित | रु.१५५। |
| २. | राहदानी सिफारिस | रु.५००। |
| ३. | घरजग्गा नामसारी र अन्य मालपोत सम्बन्धी सिफारिस थप १ कित्ताको रु.५५। का दरले जोडिने | रु.७०५। |
| ४. | पति पत्नीको सम्बन्ध विच्छेदको सिफारिस | रु.३०५। |
| ५. | पेन्सन कार्ड वा सो सम्बन्धी अन्य सिफारिस | रु.३०५। |
| ६. | हकवाला संरक्षण सम्बन्धी सिफारिस/मालपोत बाहेक | रु.३०५। |
| ७. | संघ संस्था दर्ता सम्बन्धी सिफारिस | रु.३०५। |
| ८. | निजी विद्यालय दर्ता र स्तरवृद्धि (प्रा.वि./ नि.मा.वि./ मा.वि.) | रु.१५५०/२०००/२५००। |
| ९. | काठ दाउराको सिफारिस | काठ टिप ट्रक रु.१,०००।, ट्र्याक्टर टिप रु.५००।, सो भन्दा सानोलाई रु.३५५। |
| १०. | अङ्ग्रेजी रुपान्तर | रु.३०५। |
| ११. | वंशजको नागरिकता सम्बन्धी सिफारिस | रु.१२५। |
| १२. | अङ्गिकृत नागरिकता सम्बन्धी सिफारिस | रु.५०५। |
| १३. | नाम छुटको सिफारिस/विद्यार्थीलाई | रु.२०५। |
| १४. | चार किल्ला प्रमाणित सिफारिस (१ कित्ताको रु.५०५ र सो भन्दा भढी भएमा प्रति कित्ता थप रु.५५ का दरले | रु.५०५।, रु.५५। |
| १५. | सनाखतको सिफारिस | रु.३०५। |
| १६. | जन्म मृत्यु सम्बन्धी सिफारिस/मालपोत बाहेक | रु.२०५। |
| १७. | स्थायी बसोबास सम्बन्धी सिफारिस | रु.५००। |
| १८. | नाम, थर, जन्म मिति संशोधन सिफारिस/विद्यार्थीलाई /जिल्ला प्रसाशनलाई | रु.२००। रु.५००। |
| १९. | सर्जमिन शुल्क | रु.५०५। |
| २०. | अमिन शुल्क | रु.२,०००। |
| २१. | विद्युत जडान सम्बन्धी सिफारिस | रु.३५५। |
| २२. | टेलिफोन जडान सम्बन्धी सिफारिस | रु.३५५। |
| २३. | निजी धारा जडान सम्बन्धी सिफारिस | रु.३०५। |
| २४. | चारित्रिक सिफारिस | रु.३०५। |
| २५. | वस्ती विकास शुल्क:<br>पहिलो २ रोपनीसम्म<br>दोस्रो ५ रोपनीसम्म(२ रोपनी भन्दा माथी ५ रोपनी सम्म थप)<br>तेस्रो ५ भन्दा माथि प्रति १ रोपनी दोस्रोमा थप | <br>रु.२५,०००।<br>प्रति रोपनी रु.१०,०००।<br>प्रति रोपनी रु.५,०००। |
| २६. | विद्युत, टेलिफोन, खानेपानी सम्बन्धी नामसारी सिफारिस | रु.३५५। |
| २७. | उद्योग स्थापना सिफारिस | रु.३५५। |
| २८. | भवन निर्माणको साधारण स्वीकृति दस्तुर | रु.१०००। |
| २९. | छात्रवृत्ति सम्बन्धी सिफारिस | निशुल्क |
| ३०. | सिफारिसको विवरण सच्याई दिएको | सिफारिस शुल्कको ५० प्रतिशत |
| ३१. | खानी दर्ता शुल्क | रु.५,०००। |
| ३२. | विविध सिफारिस | रु.२०५। |
| २) | **अन्य सिफारिस** | |

| | | |
|---|---|---|
| १ | निवेदन फाराम प्रति पाना | रु.१०। |
| २ | अनुसूची | रु.१०। |
| ३ | निवेदन दर्ता शुल्क | रु.१०। |
| ४ | भवन निर्माण दरखास्त फाराम | रु.१,०००। |
| ५ | पति पत्नीको सम्बन्ध विच्छेद निवेदन दर्ता दस्तुर | रु.१००। |
| ६ | परीक्षा सम्बन्धी दरखास्त फाराम शुल्क | रु.१०। |
| ७ | कोटेशन फाराम शुल्क | आर्थिक नियमावली अनुसार |
| ८ | टेण्डर फाराम शुल्क | आर्थिक नियमावलीअनुसार |
| ९ | निवेदन नक्कल प्रति पाना | कार्यालयले सार्दा रु.५।, आफैले सार्दा रु.२। |
| १० | घरपालुवा कुकुर दर्ता र नवीकरण दस्तुर | रु.५०। |
| ११ | भरुवा बन्दुक नवीकरण दस्तुर | जिल्ला भर रु.२५०।, अधिराज्य भर रु.५००। |
| १२ | घर निर्माण नक्साको नक्कल दस्तुर | प्रति तला रु.२००। |
| १३ | मिलापत्र दस्तुर प्रति पक्ष | रु.२००। |
| नोट | आर्थिक सहायता, दीनदु:खीहरुको हकमा नगर प्रमुखको तोक आदेश अनुसार निशुल्क सेवा प्रदान गर्न सकिन्छ | |
| ३) | **हैसियत प्रमाणित** | |
| क) | ऋण र वैदेशिक रोजगारका लागि | |
| १. | रु.१० लाख सम्म | रु.१,०००। |
| २. | रु.२० लाख सम्म | रु.१,५००। |
| ३. | रु.३० लाख सम्म | रु.२,५००। |
| ४. | रु.४० लाख सम्म | रु.३,५००। |
| ५. | रु.५० लाख सम्म | रु.४,०००। |
| ६. | रु.५० लाखभन्दा बढी प्रत्येक १० लाखमा | रु.५०० का दरले थप |
| ख) | अध्ययनको लागि | |
| १. | रु.२० लाख सम्म | रु.१,०००। |
| २. | रु.३० लाख सम्म | रु.१,५००। |
| ३. | रु.५० लाख सम्म | रु.२,५००। |
| ४. | रु.५० लाखभन्दा बढी प्रत्येक १० लाखमा | रु.२०० का दरले थप |
| ग) | अंशवण्डा र दानबकसमा | ३.(ख) मा लाग्ने रकमको ५०% |
| घ) | नगरपालिकाले तत्काल धितो मूल्याङ्कन गरेको सिफारिसको पुन: नवीकरण गर्नुपर्दा जुन प्रयोजनका लागि गरिएको हो सोका लागि लाग्ने दस्तुरको १० प्रतिशत राजस्व लिइनेछ । | |
| ङ) | आय प्रमाणित गर्दा तपशिलको मूल्यको आधारमा दस्तुर लिने | |
| | क) ५ लाख रुपैयाँसम्म | प्रति लाखको रु.१००। |
| | ख) ५ लाखदेखि १० लाख रुपैयाँसम्म | रु.१,५००। |
| | ग) १० लाखदेखि २० लाख रुपैयाँसम्म | रु.२,०००। |
| | घ) २० लाखदेखि ५० लाख रुपैयाँसम्म | रु.२,५००। |
| | ड) ५० लाखदेखि १ करोड रुपैयाँसम्म | रु.३,५००। |
| | च) १ करोड भन्दा माथि | रु.५,०००। |
| ४) | **वार्षिक सवारी कर** | |
| १. | बस, ट्रक, लहरी | रु.१,०००। |
| २. | मिनीबस, ट्रक (छ पाङ्ग्रे) | रु.६००। |
| ३. | मिनीबस, ट्रक (चार पाङ्ग्रे) | रु.५००। |

| | | |
|---|---|---|
| ४. | भाडाको कार, जिप | रु.२००। |
| ५. | निजी कार, भ्यान, जिप, पिकअप | रु.२००। |
| ६. | ट्याक्टर ठूलो ४० हर्सपावर भन्दा माथि | रु.५००। |
| ७. | ट्याक्टर सानो ४० हर्षपावर भन्दा सानो | रु.१५०। |
| ८. | स्कुटर मोटर साइकल | रु.७५। |
| ९. | ठेला तथा रिक्सा | रु.२५। |
| १०. | सफा टेम्पो | रु.१५०। |
| ११. | गोरु गाडा | रु.२५। |
| १२. | पावर टेलर | रु.१५०। |
| १३. | लोडर, डोजर र एक्साभेटर (भ्याकुम) | रु.१,५००। |
| **५)** | **पटके सवारी कर** | |
| १. | बस, ट्रक | रु.५०। |
| २. | लहरी (६ टायरभन्दा बढी) | रु.१००। |
| ३. | ट्याक्टर ठूलो (४० हर्षपावरभन्दा बढी) | रु.४०। |
| ४. | मिनी बस, ट्रक | रु.३०। |
| ६. | निजी कार, भाडा कार | रु.२०। |
| ७. | ट्याम्पो/पावरटेलर | रु.२०। |
| ८. | विदेशी बस ट्रक | रु.२००। |
| ९. | विदेशी लहरी (६ टायरभन्दा बढी) | रु.२००। |
| १०. | विदेशी मिनी बस, ट्रक | रु.१५०। |
| ११. | विदेशी कार/ट्याक्सी | रु.१००। |
| **६)** | **प्राकृतिक साधन उपयोग कर** | |
| १. | नदीजन्य पदार्थ (ढुङ्गा, गिटी, वालुवा) | प्रति घन मिटर रु.२००। |
| २. | कटिङ ढुङ्गा प्रति टन | रु.७००। |
| ३. | छपनी सादा ढुङ्गा प्रति टन | रु.५००। |
| ४. | मोटो ढुङ्गा प्रति टन | रु.३५०। |
| ५. | कालीमाटी र रातो माटो प्रति घन मिटर | रु.१००। |
| ६. | चुनढुङ्गा (कच्चा पदार्थ) प्रति टन | प्रति टन रु.१००। |
| ७. | दण्ड जरिवाना: निशेधित क्षेत्र एवं समयमा | |
| | ट्याक्टर प्रथम पटक/दोस्रो पटक/तेस्रो पटक | रु.५०००।/७५००/१००००। |
| | ट्रक प्रथम पटक/दोस्रो पटक/तेस्रो पटक | रु.१००००/१२५००/१५०००। |
| | व्याकहो डोजर प्रथम पटक/दोस्रो पटक/तेस्रो पटक | रु.२००००/३५०००/५००००। |
| | एक्साभेटर प्रथम पटक/दोस्रो पटक/तेस्रो पटक | रु.३००००/४५०००/६००००। |
| **७)** | **कान्जी हाउस दस्तुर** | कार्यविधिमा उल्लेख भएअनुसार |
| **८)** | **सरसफाई शुल्क/मासिक** | |
| क | हप्ताको ६ दिन | |
| | क) होटल, नाई, हस्पिटल, क्लिनिक, विद्यालय | रु.१५०। |
| | ख) व्यक्तिगत घर | रु.८०। |
| | ग) व्यवसाय घर | रु.१००। |
| | घ) सरकारी तथा गैरसरकारी संस्था | रु.१००। |
| | ङ) अव्यवस्थित जग्गामा बनेका घर | रु.८०। |
| ख | हप्तामा २/३ दिन | |

| | | |
|---|---|---|
| | क) होटल, नाई, हस्पिटल, क्लिनिक, विद्यालय | रु.१२५। |
| | ख) व्यक्तिगत घर | रु.६०। |
| | ग) व्यवसाय घर | रु.१००। |
| | घ) सरकारी तथा गैरसरकारी संस्था | रु.१००। |
| | ङ) अव्यवस्थित जग्गामा बनेका घर | रु.६०। |
| ग | हप्तामा १ दिन | |
| | क) होटल, नाई, हस्पिटल, क्लिनिक, विद्यालय | रु.७५। |
| | ख) व्यक्तिगत घर | रु.५०। |
| | ग) व्यवसाय घर | रु.६०। |
| | घ) सरकारी तथा गैरसरकारी संस्था | रु.६०। |
| | ङ) अव्यवस्थित जग्गामा बनेका घर | रु.५०। |
| ९) | **सक्सन ट्याङ्क/लोडर टिपर/घर जग्गाको भाडा** | |
| १. | सक्सन ट्याङ्क न.पा. क्षेत्रभित्र प्रत्येक पटक/प्रति ट्याङ्कर | रु.५,०००। |
| २. | सक्सन ट्याङ्क न.पा.क्षेत्र बाहिर प्रत्येक पटक/प्रति ट्याङ्कर | रु.७,०००। |
| ३. | लोडर प्रति घण्टा | रु.२,२००। |
| ४. | टिपर प्रति घण्टा | रु.१,०००। |
| ५. | ट्याक्टर प्रति घण्टा | रु.८००। |
| ६. | सेप्टिक ट्याङ्क प्रयोजनका लागि ट्याक्टर प्रयोग गरेमा प्रति ट्याक्टर | रु.२,०००। |
| नोटः | भाडामा लैजाने व्यक्ति/संस्थाले इन्धन खर्च, चालकको भत्ता समेत व्यहोर्नुपर्नेछ । साथै उक्त साधन भाडामा लैजाँदा कार्यालयबाट हिंडेको समय र आइपुगेको समय एकतर्फी समय मात्र गणनागरिनेछ | इन्धन खर्च रु.५००। चालक/हेल्पर भत्ता ५००।/३०० न.पा.बाहिर भत्ता ८००।/६००। |
| ७. | प्रति पसल कवल वा जग्गा भाडा दर | न्यूनतम रु.२००० देखि अधिकतम रु.२,००,००० सम्म |
| १०) | **विज्ञापन दर** | |
| १. | साइनवोर्ड, ग्लोवोर्ड, होडिङवोर्ड, स्टल आदिमा २५ वर्गफुट भन्दा माथि | १ वर्षका लागि रु.५०। प्र.व. फिट |
| २. | साइनवोर्ड, ग्लोवोर्ड, स्टल आदिमा २५ वर्गफुटसम्म | १ वर्षका लागि रु.१०००। |
| ३. | तुल व्यानर एक हप्ताको लागि | रु.१००। |
| ४. | तुल व्यानर एक हप्ताभन्दा बढी एक महिनासम्म | रु.२००। |
| ५. | पोल व्यानर एक हप्ताभन्दा बढी एक महिनासम्म | प्रति व्यानर रु.५०। |
| ११) | **मनोरञ्जन कर** | |
| १. | केवल नेटवर्क प्रति ग्राहक वार्षिक | रु.६०। |
| २. | मेला महोत्सव, फिल्म र अन्य प्रति टिकट | रु.५। |
| १२) | **सवारी पार्किङ शुल्क** | |
| क. | करङकाठ बसपार्क | |
| | बस तथा मिनिबस (१ दिनको) | रु.५०। |
| | बस तथा मिनिबस (१ रातको) | रु.८०। |
| | अन्य चारपाँङ्ग्रे साधन (१ दिनको) | रु.३०। |
| | अन्य चारपाँङ्ग्रे साधन (१ रातको) | रु.५०। |
| ख. | अण्डर ग्राउण्ड पार्किङ | |
| | कार/जिप | प्रति घण्टा रु.२०। |

| | | |
|---|---|---|
| | मोटर साइकल | प्रति घण्टा रु.५। |
| ग. | छाब्दी बसपार्क | |
| | स्थानीय बस | रु.३०। |
| | स्थानीय जीप | रु.२५। |
| | कार ट्याक्सी | रु.५०। |
| | बस/ट्रक | रु.१००। |
| | ट्याक्टर | रु.४०। |
| | सानो माइको | रु.५०। |
| | ठूलो माइको | रु.८०। |
| | मोटर साइकल | रु.१०। |
| **१३)** | **पटके व्यवसाय कर** | |
| | वहाल बिटौरी वा व्यवसाय करको सूचीमा परेका करदाता बाहेक नगरपालिका क्षेत्रभित्र वा बाहिरबाट सवारी साधन वा मानिस आफैले पोका वा झोलामा सामान राखी न.पा. क्षेत्रभित्र घूमाएर बिक्री गर्ने वा न.पा. क्षेत्रभित्र रहेको नदीमा पर्यटकीय दृष्टिकोणले र्‍याफ्टिङ गर्नेहरुका लागि निम्न अनुसार कर लिने | |
| १. | फेन्सी/खुद्रा सामान गाडीद्वारा घुमाएर बेच्नेहरुका लागि | रु.२५। |
| २. | खाद्यान्न सामान गाडीद्वारा घुमाएर बेच्नेहरुका लागि प्रति | रु.२०। |
| ३. | आलु/तरकारी गाडीद्वारा घुमाएर बेच्नेहरुका लागि प्रति | रु.१५। |
| ४. | पोका/झोलामा सामान राखी मोटर साइकल/मानिस आफैंले | रु.१०। |
| ५. | नदीमा र्‍फटिङ्ग गर्ने पर्यटकहरुलाई प्रति व्यक्ति प्रति पटक | रु.२०। |
| ६. | फुटपाथ व्यापारी मासिक | रु.५००। |
| ७. | राँगा, भैंसी बङ्गुर प्रतिगोटा | रु.५। |
| ८. | खसी बोका प्रति गोटा | रु.२। |
| ९. | हाँस, कुकुरा र अन्य पक्षी प्रति गोटा | ०।२५ |
| नोट | डोका/डालामा तरकारी तथा फलफूल राखी बजारमा घुमाएर बेच्ने किसानहरुको हकमा पटके व्यवसाय कर लिइने छैन । | |
| **१४)** | **घर बहाल कर** | |
| १. | सङ्घ संस्था, सरकारी कार्यालय, गोदाम, जग्गा, व्यवसायिक पसल कवल भाडामा दिने | १० प्रतिशत |
| २. | व्यक्तिगत तथा अन्य प्रयोजनको लागि | ५ प्रतिशत |
| **१५.)** | **उजुरी दस्तुर** | |
| १. | फिराद उजुरी दस्तुर | रु.२५०। |
| २. | फिराद/प्रतिउत्तर दस्तुर | रु.१५०। |
| ३. | ठाडो उजुरी दस्तुर | रु.१००। |
| ४. | कोर्ट फि | |
| | पहिलो रु.२,०००। (सम्म) | रु.१००। |
| | दोस्रो रु.२५,०००। (सम्म (रु.२३,०००। को ४% का दरले) | रु.९२०। |
| | तेस्रो रु.१,००,०००। (सम्म (रु.७५,०००। को ३% का दरले) | रु.२२५०। |
| | चौथो रु.२,५०,०००। (सम्म (रु.१,५०,०००। को २%का दरले) | रु.३,०००। |
| | पाँचौ रु.२,५०,०००। (देखि माथि १% का दरले | १ प्रतिशतका दरले |
| | | |

**१६) व्यवसाय करको दर**

| क.सं. | व्यवसायको विवरण | करको श्रेणी (क) रु. | | | करको श्रेणी (ख) रु. | | | करको श्रेणी (ग) रु. | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्तर | कक | कख | कग | खक | खख | खग | गक | गख | गग |
| १ | होटल, लज एवं साधारण होटल | २००० | १८०० | १५०० | १२०० | १००० | | | | |
| २ | रेष्टुरेन्ट (मःम, तास, सेकुवाआदि) | १५०० | १२०० | ११०० | १००० | | | | | |
| ३ | मिठाई पसल | १००० | ८०० | ६०० | ५०० | | | | | |
| ४ | कपडा पसल (थोक एवं खुद्रा) | २००० | १६०० | १४०० | ९५० | ८५० | ७५० | ६०० | ५०० | |
| ५ | फेन्सी पसल | २००० | १७०० | १५०० | १२०० | १००० | ७५० | ५०० | | |
| ६ | विविध श्रृङ्घार पसल(थोक/खुद्रा) | १७०० | १४०० | १२०० | ९०० | ७०० | ६०० | ५०० | | |
| ७ | उनी धागो पसल | ७०० | ६०० | ५०० | | | | | | |
| ८ | जुत्ता चप्पल पसल | १५०० | १००० | | | | | | | |
| ९ | निर्माण सामाग्री | १०००० | ५००० | | २५०० | | | २००० | १५०० | १००० |
| १० | खाद्यान्न, किराना डिलर/खुद्रा | २५०० | २००० | १५०० | १२०० | ९०० | ७०० | | | |
| ११ | भाँडा र गिफ्ट पसल(थोक/खुद्रा) | १५०० | १२०० | ८०० | ५०० | | | | | |
| १२ | पुस्तक तथा पत्रिका पसल | १५०० | १२०० | १००० | ८०० | ६०० | | | | |
| १३ | अपसेट/छापाखाना | १५०० | १२०० | १००० | | | | | | |
| १४ | आर्ट | १००० | ८०० | | ७०० | | | | | |
| १५ | फोटो स्टुडियो | १००० | ९०० | ८०० | ६०० | ६०० | ६०० | ५०० | | |
| १६ | केवुल नेटवर्क/प्र.सदस्य रु.६०।वार्षिक | १५,००० | | | | | | | | |
| १७ | टि.भी., घडीरेडियो,फ्रिज बिक्री/मर्मत | १५०० | १२०० | १००० | | | | | | |
| १८ | पंखा तथा स्टोभ मर्मत | ५०० | ५०० | ५०० | | | | | | |
| १९ | साइकल बिक्री तथा मर्मत | १२०० | ८०० | | | | | | | |
| २० | मोटरसाइकल, मोटर | २००० | १५०० | १२०० | | | | | | |
| २१ | ड्राइभिङ्ग इन्स्टिच्युट | १००० | ८०० | ७०० | ५०० | | | | | |
| २२ | टायर मर्मत | १००० | | | | | | | | |
| २३ | ग्रिल उद्योग | २५०० | २००० | ० | ० | ० | ० | ० | ० | ० |
| २४ | कवाडी सामानको थोक बिक्रेता | २००० | २००० | २००० | १५०० | | | | | |
| २५ | टेण्ट हाउस | १००० | ८०० | ६०० | ५०० | | | | | |
| २६ | लाउण्डी पसल | ५०० | | | | | | | | |
| २७ | मादल पसल | ५०० | | | | | | | | |
| २८ | गोवर ग्याँस | २००० | २००० | | | | | | | |
| २९ | पाउरोटी भण्डार | १००० | ८०० | ६०० | ५०० | | | | | |
| ३० | चलचित्र मन्दिर | ५००० | | | २५०० | | | १५०० | | |
| ३१ | वित्तीय संस्था/सहकारी संस्था | १०००० | ७५०० | ३००० | ३००० | २५०० | २००० | १५०० | १००० | |
| ३२ | कलर ल्याब | १५०० | १५०० | १५०० | १००० | १००० | १००० | ५०० | | |
| ३३ | निजी अस्पताल/औषधी पसल | ४००० | २५०० | १५०० | १००० | १००० | | | | |
| ३४ | पशु औषधी पसल | १००० | १००० | १००० | ५०० | | | | | |
| ३५ | विज भण्डार | १५०० | १२०० | १००० | ७०० | | | | | |
| ३६ | रङरोगन तथा इलेक्टि थोक वि. | २००० | १८०० | १५०० | १२०० | १००० | ८०० | ७०० | ६०० | |
| ३७ | फर्निचर उद्योग | २५०० | २००० | ० | ० | ० | ० | ० | ० | ० |
| ३८ | फर्निचर पसल | १५०० | १२०० | १००० | | | | | | |
| ३९ | मिल | १००० | ९०० | ८०० | ६०० | | | | | |
| ४० | सुनचाँदी पसल | २००० | १८०० | १५०० | १००० | | | ७५० | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४१ | आइसक्रिम उद्योग तथा पसल | ८०० | ७५० | ६०० | | | | | | |
| ४२ | कपडा सिलाई (प्रति मेसिन ७५) | ८०० | ० | ५०० | | | | | | |
| ४३ | हेयर कटिङ्ग (प्रति कुर्ची ५००) | १५०० | ० | ० | | | | | | |
| ४४ | ल फर्म | १००० | ० | ० | ७०० | | | | | |
| ४५ | बोर्डिङ स्कुल मा.वि. र प्रा.वि. | १००० | ० | ० | ९०० | ८०० | | | | |
| ४६ | निर्माण व्यवसायी क, ख, ग, घ | ५००० | ० | ० | ४००० | ० | २००० | ० | १००० | ० |
| ४७ | आयल पम्प | ५००० | | | २५०० | | | २००० | | |
| ४८ | कुरियर, फ्याक्स,कम्प्युटर र टेलिफोन | १००० | | | | | | | | |
| ४९ | उद्योग | २००० | १५०० | १००० | ० | ० | ० | ० | ० | ० |
| ५० | सपिङ्ग सेन्टर | २५०० | २००० | १७०० | १५०० | | | | | |
| ५१ | तरकारी पसल | ७०० | ५०० | | | | | | | |
| ५२ | चस्मा पसल | ८०० | ७०० | | | | | | | |
| ५३ | दाँत बनाउने पसल | १००० | | | | | | | | |
| ५४ | मासु पसल | १५०० | १२०० | १००० | ७५० | | | | | |
| ५५ | नर्सरी र फलफूलका विरुवा | १००० | | | ६०० | | | ५०० | | |
| ५६ | माटोको भाडा बनाउने | ७०० | | | | | | | | |
| ५७ | टेक्निकल इन्स्टिच्यूट | २००० | | | १५०० | | | १००० | | |
| ५८ | कन्सल्टेसी फर्म (इन्जिनियर र ओ.) | २५०० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ५९ | ज्योतिस | ७०० | | | | | | | | |
| ६० | अडिटर फर्म (क ख ग घ) | ५००० | ० | ० | २५०० | ० | | १५०० | | |
| ६१ | सिलाई, बुनाई, पेन्टिङ्ग, कटिङ्ग | ७०० | | | | | | | | |
| ६२ | चिकित्सक विशेषज्ञ (स्वा. सहायक, कविराज) | ८०० | | | ५०० | | | | | |
| ६३ | ल्याव | ७०० | | | | | | | | |
| ६४ | पुलबोर्ड (प्रति वोर्ड रु.४००) | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ६५ | भिडियो गेम (प्रति स्किम.२००) | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ६६ | इट्टा भट्टा (प्रति प्वाल ३००) | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ६७ | रेमिटेन्स सेवा | २००० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ६८ | कटिङ्ग ढुङ्गा | २००० | | | | | | | | |
| ६९ | ब्लक उद्योग | १५०० | १००० | | | | | | | |
| ७० | ट्राभल्स एण्ड टुर्स प्रा.लि. | ५००० | ० | ० | २५०० | | | | | |
| ७१ | वैदेशिक रोजगार कम्पनी | ० | ० | ० | ५००० | | | | | |
| ७२ | मोबाईल टावर | ० | ० | ० | २५०० | | | | | |
| ७३ | इन्टरनेट सर्भिस प्रोभाइडर | ५००० | ० | २००० | १५०० | | | | | |
| ७४ | कम्प्युटर इन्स्टिच्युट | ० | ० | ० | १५०० | | | | | |
| ७५ | कम्प्यूटर मोबाईल मर्मत केन्द्र | ० | ० | ० | १००० | | | | | |
| ७६ | सिरक डसना सिलाई उद्योग | ० | ० | ० | १००० | | | | | |
| ७७ | नृत्य कला केन्द्र | ० | ० | ० | १००० | | | | | |
| ७८ | एफ.एम. रेडियो स्टेशन | ० | ० | ० | १५०० | ० | ० | ० | | |
| ७९ | गाई, भैंसी, बाख्रा फर्म/पालन | १५०० | ० | ० | १००० | ० | ० | ७०० | | |
| ८० | माछा पालन व्यवसाय | १५०० | ० | ० | १००० | ० | ० | ७०० | | |
| ८१ | खानी उद्योग | १५,००० | | | १०,००० | | ८,००० | | | |
| नोट: वर्ष भरी काम नगर्ने निर्माण व्यवसायी ग र घ को लागि रु.५००। र रु.३००। व्यवसाय कर लिइने छ । | | | | | | | | | | |

**१७. घर नक्सापास दस्तुर** अ) घरनक्सा पास सम्बन्धी दस्तुर

| सि. नं. | भौतिक संरचनाको विवरण | करको दर (प्रति व.फी.) | | |
|---|---|---|---|---|
| | | नक्सापास क्षेत्र | | |
| | | क | ख | ग |
| १. | आर.सी.सी. फ्रेम स्ट्रक्चर | | | |
| क) | पूर्ण भूमिगत तला | १२। | १०। | ८। |
| ख) | अर्ध भूमिगत तला | | | |
| ग) | जमिन तला | | | |
| ३) | पहिलो तला | | | |
| ङ) | दोश्रो तला | | | |
| च) | तेश्रो तला | | | |
| छ) | चौथो तला | | | |
| २ | सिमेन्टको जोडाईमा इटा वा ढुङ्गाको गारो (न्युनतम २३ से.मी. मोटाई) आर.सी.सी. टायल जस्तापाता छाना | ७। | ६। | ५। |
| ३. | माटोको जोडाईमा इटा वा ढुङ्गाको गारो (न्युनतम २३ से.मी. मोटाई) आर.सी.सी., जस्तापाता छाना | | | |
| ४. | माटोको जोडाईमा इटा वा ढुङ्गाको गारो (न्युनतम २३ से.मी. मोटाई) वा सिमेन्टको जोडाईमा इटा, जस्ता पाता, स्लेट छाना | ६। | ५। | ४। |
| ५. | घर जग्गामा कम्पाउण्ड वाल | | प्र.र.फि | ५ |
| ६. | संरचना निर्माण गर्दा निरीक्षण शुल्क वापत रु.५ लिइने छ । | | | |

आ) पुराना घरहरुको हकमा नक्सा नियमितका लागि प्रति वर्गफिट माथि उल्लेखित नै दरहरुलाई कायम गर्ने ।

इ) साधारण स्वीकृतिका लागि फिल्ड शुल्क, सर्जमिन शुल्क लिई सर्जमिन गराई मात्र स्वीकृति दिने ।

ई) नक्सापास क्षेत्र (क) भन्नाले वडा नं. १ (भद्रडाँडा बाहेक), २, ३ र ४ को सम्पूर्ण क्षेत्र, ५ नं. वडाको पिच मार्गका सम्पूर्ण घडेरी लगायत चापाघाट, पाटन, कन्टार र सिन्धु मार्गको दायाँबायाँको घडेरीहरु, ६ नं. वडाको शिशाघाट बजार क्षेत्र भित्रका ३०/४० फुटे बाटोमा पर्ने घडेरी, बाह्रबिसे बजार क्षेत्र भित्रका सम्पूर्ण घडेरीहरु, ७ नं. वडाको व्यास मार्गमा पर्ने सम्पूर्ण घडेरीहरु, ७ र ९ नं. वडामा पर्ने कलेस्तीबाट गजौडे बजारसम्मका घडेरीहरु, १० नं. वडामा पर्ने व्यास मार्ग दायाँबाया पर्ने सम्पूर्ण घडेरीहरु, तालघरे दुम्सीचौर मार्गको दुम्सीचौर बजारसम्मका घडेरीहरु, डिहीगाउँको सम्पूर्ण क्षेत्र, व्यास मार्गबाट मादी नदी झर्ने सम्पूर्ण बाटोहरु, दुम्सी दरैगाउँ जोड्ने मार्ग नाला बनेको ठाउँसम्मका घडेरीहरु, ११ नं. वडामा रानीगाउँका सम्पूर्ण क्षेत्रमा पर्ने घडेरीहरु, दरैपँधेरा पोखेलफाँट जोड्ने बाराही रानीमार्गमा पर्ने सम्पूर्ण घडेरीहरु, रानीगाउँ हुँदै घाँसीकुवा निस्कने तल्ला २० फुटे बाटोका दायाँबायाका घडेरीहरु, घाँसीकुवादेखि वडा नं.११ को घाँसीकुवा फराकचौर पोखेलफाँट मार्ग मोहोडामा भएका घडेरीहरु, १२ नं. वडाका पृथ्वी राजमार्गमा पर्ने घडेरीहरु, छाब्दी मार्गमा पर्ने सम्पूर्ण घडेरीहरु, १३ नं. वडाको वेलवास क्षेत्रका घडेरीहरु

उ) नक्सापास क्षेत्र (ख) भन्नाले वडा नं.५ को क वर्गमा उल्लेख भएका क्षेत्र बाहेकका सम्पूर्ण घडेरीहरु, वडा नं. ८ को ४० फुटे कालिका मार्गमा पर्ने सम्पूर्ण घडेरीहरु, ९ नं वडाका ३०/४० फुटे बाटोमा पर्ने सम्पूर्ण घडेरीहरु, वडा नं.१० को क वर्गमा उल्लेख भएका क्षेत्र बाहेकका सम्पूर्ण घडेरीहरु, वडा नं.११ को सेराबाट ढुङ्गाखानी हुँदै मुलपानी वेलटारी जोड्ने मार्गमा पर्ने सम्पूर्ण घडेरीहरु, वडा नं.१२ को कमलबारी हुँदै वडा कार्यालय जोडने मार्गमा पर्ने सम्पूर्ण घडेरीहरु, छिर्कन हुँदै वडा कार्यालय जोडने मार्गमा पर्ने सम्पूर्ण घडेरीहरु, वडा नं. १३ को

केशवटार जाने बाटोको दायाँबायाका घडेरीहरु, भङभङे पुलबाट केशवटार जोड्ने ३० फुटे मार्गमा पर्ने सम्पूर्ण घडेरीहरु, वडा नं.१४ को केशवटारदेखि सुखौरा जोड्ने मार्गका सम्पूर्ण घडेरीहरु

ऊ) नक्सापास क्षेत्र (ग) भन्नाले माथि उल्लेखित क्षेत्र, क र ख मा उल्लेख भएको बाहेकका सम्पूर्ण क्षेत्र ।

१८. **एकीकृत सम्पत्ति करको दररेट**

| सि.नं. | करको श्रेणी | | | | दररेट |
|---|---|---|---|---|---|
| १. | १। | देखि | २,००,०००। | सम्म | ५०। |
| २. | २०००००१। | देखि | ५०००००। | सम्म | १५०। |
| ३. | ५०००००१। | देखि | १००००००। | सम्म | २००। |
| ४. | १०,००,०००१। | देखि | १५०००००। | सम्म | ३००। |
| ५. | १५०००००१। | देखि | २००००००। | सम्म | ४००। |
| ६. | २००००००१। | देखि | २५,००,०००। | सम्म | ७००। |
| ७. | २५०००००१। | देखि | ३००००००। | सम्म | १,०००। |
| ८. | ३००००००१। | देखि | ३५०००००। | सम्म | १,५००। |
| ९. | ३५०००००१। | देखि | ४२०००००। | सम्म | २,२००। |
| १०. | ४२०००००१। | देखि | ५००००००। | सम्म | ३,०००। |
| ११. | ५००००००१। | देखि | ६००००००। | सम्म | ५,०००। |
| १२. | ६००००००१। | देखि | ७००००००। | सम्म | ७,५००। |
| १३. | ७००००००१। | देखि | ८००००००। | सम्म | ९,०००। |
| १४. | ८००००००१। | देखि | १००००००००। | सम्म | १०,०००। |
| १५. | १०००००००१। | देखि | १५००००००। | सम्म | १५,०००। |
| १६. | १५००००००१। | देखि | २००००००००। | सम्म | २०,०००। |
| १७. | २००००००००१। | देखि | ३००००००००। | सम्म | २५,०००। |
| १८. | ३००००००००१। | देखि | ४००००००००। | सम्म | ४०,०००। |
| १९. | ४००००००००१। | देखि | ५००००००००। | सम्म | ६०,०००। |
| २०. | ५००००००००१। देखि माथि प्रति हजारमा | | | | २। |

नोट: कुनै पनि कारणवश जग्गाको आधिकारिक प्रमाणपत्र नभएको जग्गामा एकीकृत सम्पत्ति कर नलाग्ने भएको र त्यसको विवरण नगरपालिकाले वर्षेनी अध्यावधिक गरी राख्नुपर्ने भएकोले त्यस्ता जग्गामा बनेको घरको हकमा एकीकृत सम्पत्ति कर नलाग्ने भए पनि नगरपालिकाको अन्य सेवा सुविधा प्राप्त भएको हुनाले रु.१००। सेवा शुल्क लाग्नेछ ।

## १९. निकासी करको दररेट

१. स्लेट (विछ्याउने तथा छाउने ढुंगा, खरी, चुन ढुंगा)- प्रति क्यु. फिट रु.२।५०
२. ढुंगा, गिटी, बालुवा, ग्राभेल र रोडा- प्रति क्यु. फिट रु.२।५०
३. ब्लक निकासी- प्रति गोटा रु.०।२०
४. इट्टा निकासी- प्रति हजार रु.५०।-
५. ईट्टा भट्टामा प्रयोग गर्ने माटो- प्रति क्यु. फिट रु.०.३०
६. पशु चौपाय ठूलो (पाडा, राँगा, बंगुर)- प्रति गोटा रु.५०।-
७. पशु चौपाय सानो (खसी, बोका)- प्रति गोटा रु.२०।-
८. फलफूल (सुन्तला, केरा आदि)- प्रति क्विन्टल रु.५०।-
९. माछा प्रति क्विन्टल रु.२००।-
१०. पंक्षी (कुखुरा, हाँस आदि)- प्रति गोटा रु.१।-
११. तरकारी- प्रति क्विन्टल रु.२०।-
१२. अदुवा- प्रति क्विन्टल रु.२०।-

१३. कटिङ ढुङगा

- १२ इन्च भन्दा सानो प्रति पिस रु.०।२५
- १२ इन्च वा सो भन्दा ठूलो प्रति पिस रु.०।५०

१४. कवाडी सामान :

- अन्य बोतल प्रति गोटा रु.१।-
- चुर/फुटेको सिसा (सादा/रंगिन) प्रति के.जि रु.१।-
- बियर बोतल प्रति गोटा रु.१।-
- मदिरा सिसी प्रति गोटा रु.१।-
- फलाम प्रति के.जी. रु.२।-
- प्लास्टिकजन्य पदार्थ प्रति के.जी. रु.१।-
- तामा/पित्तल प्रति के.जी. रु.३०।-
- कागजजन्य पदार्थ प्रति के.जी. रु.१।-
- सिलौट/जस्ता प्रति के.जी. रु.१५।-
- हाड, सिङ, खुर प्रति के.जी. रु.५।-
- छाला प्रति पिस रु.५०।-
- अन्य प्रति के.जी. रु.१।-

१५. बाँस प्रति घना रु.२।-

१६. दाउरा प्रति के.जी. रु.०।१०

१७. अन्य कुकाठ गोलाई प्रति क्यु. फिट रु.१०।-/चिरान प्रति क्यु. फिट रु.१५।-

१८. सिसौ गोलाई प्रति क्यु. फिट रु.२०।-/चिरान प्रति क्यु. फिट रु.३०।-

१९. खयर जातको काठ गोलाईः प्रति क्यु. फिट रु.२५।-

२०. साल जातको काठ गोलाई  प्रति क्यु. फिट रु.३०।-/चिरान प्रति क्यु. फिट रु.५०।-

२१. पानी प्रति लिटर रु.०।२५

**अनुसूची १२**

**(दफा १४ सँग सम्बन्धित)**

**पर्यटन शुल्कका दरहरु**

| **सि.नं.** | **विवरण** | वार्षिक करको दर |
|---|---|---|
| १ | आन्तरिक | रु.१००। देखि रु.५००। सम्म |
| २ | बाह्य | रु.५००। देखि रु.१५००। सम्म |

**अनुसूची १३**
**(दफा १५ सँग सम्बन्धित)**
**प्राकृतिक साधन उपयोग करका दरहरु**

| **सि.नं.** | **प्राकृतिक साधन उपयोग कर** | करको दर |
|---|---|---|
| १. | ढुङ्गा, गिटी, वालुवा | प्रति घन मि. रु.२००। देखि रु.३००। सम्म |
| २. | कटपिस/कटिङ्ग ढुङ्गा | प्रति टन रु.५००। देखि रु.७००। सम्म |
| ३. | छपनी सादा ढुङ्गा | प्रति टन रु.२००। देखि रु.३५०। सम्म |
| ४. | चुन ढुङ्गा | प्रति टन रु.६०। देखि रु.२००। सम्म |
| ५. | कालीमाटी र रातो माटो | प्रति घन मि. रु.५०। देखि रु.१००। सम्म |

नोटः माथि उल्लेखित दररेटमा मू.अ. कर तथा अन्य कर थप हुनेछ

**प्राकृतिक स्रोत साधनको दण्ड जरिवानाको न्यूनतम तथा अधिकतम दर**

| **सि.नं.** | **साधनको प्रकार** | करको दर |
|---|---|---|
| १. | ट्राक्टर | प्रति पटक रु.५,०००। देखि रु.१०,०००। सम्म |
| २. | ट्रक | प्रति पटक रु.१०,०००। देखि रु.१५,०००। सम्म |
| ३. | डोजर | प्रति पटक रु.२०,०००। देखि रु.५०,०००। सम्म |
| ४. | एक्साभेटर | प्रति पटक रु.३०,०००। देखि रु.६०,०००। समम |

**अनुसूची १४**
**(दफा १६ सँग सम्बन्धित)**
**निकासी करका दरहरु**

| सि.नं. | निकासी हुने वस्तु | प्रति इकाई दर रु. |
|---|---|---|
| १. | हरेक वस्तुको प्रति इकाई | रु.०।२५ देखि रु.५००।- |